फोनः521879-051
इमेलः agriscienceparsa@

प्रदेश सरकार
प्रदेश नं .२
भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र ,पर्सा

वीरगंज

प.स. ०७७/०७८

मितिः २०७७/१२/२३

सूचना ! सूचना ! सूचना !

दोश्रो पटक प्रकाशित सूचना मिति २०७७/१२/२३

**विषयः व्यवसायिक कृषि उत्पादन केन्द्र(ब्लक) विकास कार्यक्रम संचालनको आवेदन दर्ता गर्न सूचना आव्हान**

आ.व. २०७७/०७८ को कार्यक्रम अनुसार व्यवसायिक कृषि उत्पादन केन्द्र(ब्लक) विकास कार्यक्रम पर्सा जिल्लाका प्रत्येक म.न.पा., न.पा. र गा.पा. मा संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिको ७ दिन भित्र(२०७७/१२/२९ गते भित्र) यस केन्द्रमा तोकिएको ढाँचामा तपसीलमा उल्लेखित शर्तहरुको अधिनमा रहि आवेदन दर्ता गर्नु गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि सूचना आवहान गरिएको छ ।

तपसील शर्तहरु

१. निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु
  - १.१. तोकिएको ढाँचामा रु.१०।- को टिकट सहित आवेदन
  - १.२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमी दर्ता, नवीकरण भएको प्रतिलिपी
  - १.३. कार्य समितीको निणर्यको फोटोकपी
  - १.४. स्थानीय तहहरुको सिफारिस पत्र
  - १.५. कार्यक्रम संचालन हुने स्थानको जग्गा धनी पूर्जा वा स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौता पत्र
  - १.६. आवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी

२. ब्लक संचालन हुने बाली/वस्तु/क्षेत्रफल/संख्याको न्युनतम आधार
  - २.१. खाद्यान्न(धान, गँहु,मकै) बाली– २२५ बिगाहा
  - २.२. आलु र तरकारी बाली– १२० बिगाहा
  - २.३. दलहन, तेलहन र मसाला बाली– १५० बिगाहा
  - २.४. फलफुल(आँप, केरा) बाली– १५० बिगाहा
  - २.५. मौरी पालन– १००० घार
  - २.६. कन्ये च्याउ तथा गोब्रे च्याउ खेती– १००० च्याउ बीउ
  - २.७. प्लास्टिक घरमा खेती– १५ बिगाहा

नोटः जोन वा पकेट संचालित पालीकाको वडाहरुमा तथा कृषक दोहोरिने गरी ब्लक कार्यक्रम संचालन गर्न पाइने छैन ।

...ल्ली लाल प्रसाद
(आठौं तह)